## आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको

# वार्षिक समीक्षा प्रतिवेदन

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
२०८३ असार २३

**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
नेपाल

फोन नं.: ०१-५७१९६४१
वेभसाइटः www.nrb.org.np

# विषय सूची

**पृष्ठभूमि** ........................................ १

**आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति तर्जुमा गर्दाको समष्टिगत आर्थिक परिदृश्य** ........................ १

**आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति कार्यान्वयनमा देखिएका चुनौतीहरू** ........................ २

**आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको कार्यान्वयन स्थिति** ........................ २

आर्थिक तथा मौद्रिक लक्ष्यहरूको स्थिति ........................ २

तरलता व्यवस्थापन तथा ब्याजदर ........................ २

प्रमुख नीतिगत व्यवस्थाहरूको कार्यान्वयन स्थिति ........................ ३

**अनुसूची १: मौद्रिक नीतिको लक्ष्य तथा कार्यक्रम कार्यान्वयन स्थिति** ........................ ६

(क) आर्थिक वर्ष २०८२/८३ को वार्षिक मौद्रिक नीति ........................ ६

(ख) आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा ........................ १५

(ग) आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षा ........................ १६

(घ) आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा ........................ १७

# आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको
# वार्षिक समीक्षा प्रतिवेदन

## पृष्ठभूमि

१. नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९४(क) मा भएको व्यवस्थाअनुसार प्रत्येक वर्ष मौद्रिक नीतिसम्बन्धी प्रतिवेदन सार्वजनिक गर्दा बैंकले अघिल्लो वर्ष अवलम्बन तथा लागू गरेको मौद्रिक नीतिको सिंहावलोकन र मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ। सो व्यवस्थाअनुरूप आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति कार्यान्वयन स्थितिको वार्षिक समीक्षा गरी यो प्रतिवेदन तयार पारिएको छ।

२. यस प्रतिवेदनमा आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति तर्जुमा गर्दाका समयमा विद्यमान समष्टिगत आर्थिक परिदृश्य, नीति तथा कार्यक्रमको कार्यान्वयनमा देखिएका चुनौती एवम् सोको कार्यान्वयन स्थितिको समीक्षा गरिएको छ।

## आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति तर्जुमा गर्दाको समष्टिगत आर्थिक परिदृश्य

३. आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति तर्जुमा गर्ने समयमा विश्वको आर्थिक वृद्धिदरमा प्रविधिमा गरिएको लगानी विस्तार लगायतका कारण क्रमिक सुधार देखिएको भए तापनि भूराजनीतिक तनाव तथा केही मुलुकहरूबीच उच्च भन्सार शुल्कमार्फत कठोर व्यापार नीति अवलम्बन गरिने संकेतका कारण अनिश्चितता बढेको थियो। कोभिड-१९ पश्चात् सार्वजनिक ऋण उल्लेख्य रहेको विश्वका अधिकांश मुलुकहरूले वित्त सबलीकरण (Fiscal Consolidation) मा जोड दिएको देखिन्थ्यो। त्यसैगरी, विश्व मुद्रास्फीतिमा क्रमिक सुधार आई अधिकांश केन्द्रीय बैकहरूले आर्थिक विस्तारलाई सहयोग गर्न लचिलो मौद्रिक नीति अवलम्बन गरेको अवस्था थियो।

४. आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति तर्जुमा गर्दा आन्तरिक अर्थतन्त्र क्रमश: लयमा फर्कन थालेको थियो। मुद्रास्फीति वाञ्छित सीमाभित्र रहेको तथा विगत दुई वर्षदेखि सङ्कुचनमा रहेका आर्थिक क्षेत्रहरू विस्तार भएका थिए। विदेशी विनिमय सञ्चिति करिब १४.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त थियो। आर्थिक वर्ष २०८२/८३ मासमेत चालु खाता र शोधनान्तर स्थिति अनुकूल भई पर्याप्त विदेशी विनिमय सञ्चिति कायम रहने अनुमान गरिएको थियो।

५. बैंकिङ क्षेत्रमा तरलता पर्याप्त रहेका कारण निक्षेप र कर्जाको भारित औसत ब्याजदरहरू घट्दो क्रममा रहेका थिए। अर्थतन्त्र बढ्दो तरलता र घट्दो ब्याजदरको लाभ लिन सक्ने स्थितिमा थियो। निष्क्रिय कर्जा अनुपात केही बढेको भए तापनि पुँजीकोष अनुपात र तरल सम्पत्ति नियामकीय सीमाभित्रै रहेको हुँदा वित्तीय स्थायित्व कायम थियो। अर्कोतर्फ, आन्तरिक माग नबढ्दा कर्जा प्रवाहमा कमी आएको थियो।

६. नेपाल सरकारले आर्थिक वर्ष २०८२/८३ का लागि रु.१९ खर्ब ६४ अर्बको बजेट विनियोजन गरी ६.० प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको थियो। बजेट तर्जुमा हुँदा तीनै तहमा सरकारको बजेटअन्तर्गत पुँजीगत खर्च विनियोजन बढेको, लगानीसम्बन्धी कानुनहरू सुधार भई लगानीको वातावरण थप अनुकूल हुँदै गएको तथा कृषि, सेवा र पूर्वाधार क्षेत्र विस्तार भई लक्षित आर्थिक वृद्धिदर हासिल हुने अपेक्षा थियो।

७. आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिले अर्थतन्त्रलाई गतिशील बनाउन मौद्रिक नीतिको कार्यदिशा सजगतापूर्वक लचिलो बनाएको थियो । यसबाट निजी क्षेत्रको पुँजी निर्माणमा सुधार र सरकारको आन्तरिक ऋण परिचालन लागतमा समेत कमी आई आर्थिक गतिविधि अभिवृद्धि हुने अपेक्षा राखिएको थियो ।

## आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति कार्यान्वयनमा देखिएका चुनौतीहरू

८. आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति कार्यान्वयनका क्रममा अर्थतन्त्रले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चुनौतीहरूको सामना गर्नुपरेको थियो । विश्व भूराजनीतिले निम्त्याएको व्यापार महसुलको प्रभाव, इजरायल-अमेरिका र इरानबीचको युद्धका कारण पेट्रोलियम पूर्वाधारमा भएको क्षति, स्ट्रेट अफ हर्मुज बन्द भई आपूर्ति श्रृंखलामा देखिएको अवरोध तथा इन्धनको मूल्य वृद्धि भई विश्व मुद्रास्फीतिमा परेको चापका कारण निरन्तर अनिश्चितता देखियो ।

९. नेपालमा ढिला भित्रिएको मनसुन तथा असोज महिनामा भएको अधिक वर्षाका कारण कृषि उत्पादनमा आएको कमी, २०८२ भदौ २३ र २४ को आन्दोलनपश्चात् उत्पन्न असहज परिस्थिति तथा निजी क्षेत्रको मनोबल कमजोर भई व्यवसाय विस्तार हुन नसक्दा समष्टिगत मागमा दबाब सिर्जना हुन गयो । यसैबीच, वैदेशिक व्यापारमा कमी, सार्वजनिक एवम् निजी निर्माणमा सुस्तता, घरजग्गाको कित्ताकाट एवम् विद्युत् खरिद सम्झौता जस्ता विषयहरूमा देखिएका अन्यौल आदिले समेत वित्तीय प्रणालीबाट अपेक्षित रूपमा कर्जा प्रवाह बढ्न सकेन ।

१०. आर्थिक गतिविधि अपेक्षित विस्तार नभएको एवम् विगतमा प्रवाह भएका कर्जाको गुणस्तरसमेतका कारण निष्क्रिय कर्जा अनुपात वृद्धि भई बैंकको लगानी क्षमतामा ह्रास आइरहेको थियो । फलस्वरूप, विप्रेषण आप्रवाहबाट भित्रिएको रकम वित्तीय प्रणालीमा थपिँदै जाने तर कर्जा प्रवाह र लगानीमा अपेक्षित वृद्धि नहुँदा अधिक तरलताको स्थिति निरन्तर कायम भई मौद्रिक व्यवस्थापन दबाबमा रह्यो ।

## आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको कार्यान्वयन स्थिति

### आर्थिक तथा मौद्रिक लक्ष्यहरूको स्थिति

११. आर्थिक वर्ष २०८२/८३ का लागि मुद्रास्फीति ५.० प्रतिशतको सीमाभित्र कायम राख्ने लक्ष्य लिइएकोमा चालु आर्थिक वर्षको दश महिनासम्मको औसत उपभोक्ता मुद्रास्फीति २.६६ प्रतिशत रहेको छ। २०८३ बैशाख महिनामा वार्षिक विन्दुगत मुद्रास्फीति ५.०४ प्रतिशत रहेको छ ।

१२. आर्थिक वर्ष २०८२/८३ को लागि विस्तृत मुद्रा प्रदाय (Broad Money, M2) को वृद्धिदर १३.० प्रतिशत र निजी क्षेत्रतर्फ जाने कर्जाको वृद्धिदर १२.० प्रतिशतसम्म रहने प्रक्षेपण गरिएकोमा २०८३ बैशाखमा विन्दुगत आधारमा विस्तृत मुद्रा प्रदायको वृद्धिदर १५.२ प्रतिशत र निजी क्षेत्रतर्फ जाने कर्जाको वृद्धिदर ६.५ प्रतिशत रहेको छ ।

१३. आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिले कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम राख्ने लक्ष्य लिएकोमा २०८३ बैशाख मसान्तमा कायम सञ्चिति १९.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

### तरलता व्यवस्थापन तथा ब्याजदर

१४. ब्याजदर करिडोरको तल्लो र माथिल्लो सीमा बीचको दूरी क्रमशः घटाउँदै नीतिगत दरलाई करिडोरको बीचमा (Symmetric) कायम गर्ने उद्देश्यले ब्याजदर करिडोरलाई थप साँघुरो बनाउँदै लगिएको छ । आर्थिक

वर्ष २०८२/८३ को मौद्रिक नीतिमार्फत ब्याजदर करिडोरको माथिल्लो सीमाको रूपमा रहेको स्थायी तरलता सुविधाको ब्याजदर ६.० प्रतिशत, तल्लो सीमाको रूपमा रहेको स्थायी निक्षेप सुविधाको ब्याजदर २.७५ प्रतिशत तथा नीतिगत दर ४.५० प्रतिशत निर्धारण गरिएकोमा पहिलो समीक्षामार्फत माथिल्लो सीमा र नीतिगत दरलाई क्रमशः ५.७५ प्रतिशत र ४.२५ प्रतिशत कायम गरिएको थियो। सञ्चालन लक्ष्यको रूपमा भारित औसत अन्तरबैंक दरलाई नीतिगत दरको हाराहारीमा कायम गर्ने लक्ष्य तय गरिएको थियो। २०८३ बैशाखमा भारित औसत अन्तरबैंक दर २.७५ प्रतिशत रहेको छ।

१५. मौद्रिक नीतिको व्यवस्थाअनुसार तरलता व्यवस्थापनका लागि नियममा आधारित खुला बजार कारोबार सञ्चालन गरिएको छ। नियमित मौद्रिक उपकरणका अतिरिक्त बैंकिङ प्रणालीमा रहेको संरचनागत प्रकृतिको तरलता व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंक ऋणपत्र निष्कासन गरिएको छ।

१६. आर्थिक वर्ष २०८२/८३ को दस महिनासम्ममा ४ दिनदेखि १७५ दिनसम्मको निक्षेप सङ्कलन बोलकबोलमार्फत ७१ पटक, स्थायी निक्षेप सुविधामार्फत ११७ पटक तथा १ वर्ष अवधिको नेपाल राष्ट्र बैंक ऋणपत्रमार्फत जम्मा ९ पटक तरलता प्रशोचन गरिएको छ। २०८३ वैशाखमा निक्षेप सङ्कलन बोलकबोलमार्फत, स्थायी निक्षेप सुविधामार्फत र नेपाल राष्ट्र बैंक ऋणपत्रमार्फत गरिएको तरलता प्रशोचनको बक्यौता रकम क्रमशः रु. ७१६ अर्ब ७० करोड, रु. १११ अर्ब ९० करोड र रु. २०० अर्ब रहेको छ।

१७. आर्थिक वर्ष २०८२/८३ को दस महिनासम्ममा विदेशी विनिमय बजारबाट अमेरिकी डलर खुद खरिदमार्फत रु.९४६ अर्ब २६ करोड तरलता प्रवाह भएको छ।

१८. वित्तीय प्रणालीमा अधिक तरलता रहेका कारण अल्पकालीन ब्याजदरहरू ब्याजदर करिडोरको तल्लो सीमाकै हाराहारीमा रहेका छन्। २०८३ बैशाखमा बैंक तथा वित्तीय संस्थाहरूको भारित औसत अन्तरबैंक दर २.७५ प्रतिशत तथा ९१-दिने ट्रेजरी बिल्सको भारित औसत ब्याजदर २.६३ प्रतिशत कायम भएको छ।

१९. अल्पकालीन ब्याजदरहरू न्यून रहेको तथा अधिक तरलताको स्थिति रहिरहेका कारण निक्षेप र कर्जाको ब्याजदरहरू थप घट्दै गएको स्थिति छ। २०८३ बैशाखमा वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीहरूको निक्षेपको औसत ब्याजदर क्रमशः ३.३५ प्रतिशत, ३.७० प्रतिशत र ४.५९ प्रतिशत रहेको छ। यस अवधिमा वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीहरूको कर्जाको भारित औसत ब्याजदर क्रमशः ६.७३ प्रतिशत, ७.८७ प्रतिशत र ९.१४ प्रतिशत रहेको छ।

## प्रमुख नीतिगत व्यवस्थाहरूको कार्यान्वयन स्थिति

२०. बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह हुने विपन्न वर्ग र अन्य निर्देशित कर्जाहरूको न्यूनतम सीमा पुनरावलोकन गरी २०८३ पुस मसान्तदेखि "क" वर्गका वाणिज्य बैकले कुल कर्जा सापटको न्यूनतम १० प्रतिशत कर्जा कृषि क्षेत्रमा र २० प्रतिशत अन्य तोकिएका क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने र "ख" वर्गका वित्तीय संस्थाले कुल कर्जा तथा सापटको न्यूनतम् २० प्रतिशत र "ग" वर्गका वित्तीय संस्थाले न्यूनतम १५ प्रतिशत कर्जा तोकिएका क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ।

२१. चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई व्यवसायको प्रकृति, कर्जा भुक्तानी-आम्दानी चक्र लगायतका व्यवस्थाहरू समावेश गरी परिमार्जन गरिएको छ। बैंक तथा वित्तीय संस्थाहरूले उद्यम वा व्यवसायको प्रकृति, क्षेत्र, नगद प्रवाह तथा चालु पुँजीसम्बन्धी विश्लेषण समेतका आधारमा Permanent Working Capital को लागि प्रदान गरिने आवधिक कर्जाको अवधि निर्धारण गर्ने पद्धति एवम् क्षेत्रगत रूपमा यस्तो अवधिको न्यूनतम तथा अधिकतम सीमासमेत निर्धारण गर्नसक्ने व्यवस्था गरिएको छ।

२२. स्वतन्त्र पक्षबाट वाणिज्य बैंकहरूको कर्जा लगानीको गुणात्मक तथा परिमाणात्मक पक्षको मूल्याङ्कनका लागि कुल कर्जाका आधारमा १० ठूला वाणिज्य बैंकहरूको कर्जाको गुणस्तर मूल्याङ्कन (Loan Portfolio Review) सम्पन्न गरी प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित बैंकमा पठाइएको छ ।

२३. समष्टिगत आर्थिक परिदृश्यको विस्तृत विश्लेषण गर्ने सन्दर्भमा अर्द्धवार्षिक रूपमा Macroeconomic Report प्रकाशनको शुरुआत गरिएको छ । उक्त प्रतिवेदनमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशको आधारमा आन्तरिक अर्थतन्त्रको परिदृश्य विश्लेषण गरिएको छ ।

२४. निजी आवासीय घर निर्माण/खरिद गर्न प्रवाह गर्ने कर्जाको सीमा रु.२ करोडबाट बढाई रु.३ करोड कायम गरिएको छ । पहिलो घर निर्माण/खरिद गर्दा यस्तो कर्जा प्रवाहको लागि कर्जा-मूल्य अनुपात बढीमा ८० प्रतिशतसम्म र अन्यको हकमा बढीमा ७० प्रतिशतसम्म कायम गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

२५. लघु, साना तथा मझौला व्यवसायीलाई कारोबारमा आधारित भई प्रवाह गरिने कर्जामा सहजीकरण गर्ने उद्देश्यले "विद्युतीय माध्यमबाट प्रवाह हुने कर्जा (Digital Lending) सम्बन्धी मार्गदर्शन, २०७८" संशोधन गरी रु.१० लाखसम्म विद्युतीय माध्यमबाट कर्जा उपलब्ध गराउन सक्ने नीतिगत व्यवस्था गरिएको छ । उक्त मार्गदर्शनमा कर्जा विश्लेषण गर्ने कार्यका लागि बैंक तथा वित्तीय संस्थाहरूले प्रविधि सेवा प्रदायक संस्थाहरू (Technology Service Providers - TSP) सँग सहकार्य गर्न सक्ने प्रावधान समावेश गरिएको छ ।

२६. कृषि तथा लघु, घरेलु, साना र मझौला व्यवसाय कर्जा प्रवाह गर्दा रु.१० लाखसम्मको कर्जाको हकमा सुरक्षणको रूपमा राखिएको धितो मूल्याङ्कन बैंक तथा वित्तीय संस्थाका कर्मचारीबाट नै गर्न सकिने व्यवस्था गरिएको छ । साथै, कृषि कर्जाको भुक्तानी तालिका तय गर्दा कृषि उपज तथा उत्पादनको प्रकृतिसँग तालमेल हुने गरी किसानले बाली भित्र्याउने वा बिक्री गर्ने समय र कर्जाको किस्ता भुक्तानी गर्ने समयबीच तालमेल मिलाई भुक्तानी तालिका कायम गर्नुपर्ने व्यवस्था गरिएको छ ।

२७. बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने व्यक्तिगत अधिविकर्ष (Personal Overdraft) कर्जाको विद्यमान सीमा रु.५० लाखबाट वृद्धि गरी रु.१ करोड कायम गरिएको छ ।

२८. बैंक तथा वित्तीय संस्थाहरूबाट सेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको विद्यमान एकल ग्राहक कर्जा सीमा रु.१५ करोडबाट बढाई रु.२५ करोड बनाइएको छ । साथै, बैंक तथा वित्तीय संस्थाले गैर बैंकिङ सम्पत्ति सकार गरेको दुई वर्षसम्म उक्त सम्पत्तिबापत सिर्जना भएको रेगुलेटरी रिजर्भको रकमलाई पूरक पुँजीमा गणना गर्न सकिने व्यवस्था गरिएको छ ।

२९. बैंक तथा वित्तीय संस्थाहरूको वर्गीकरण र कार्यदायरा पुनरावलोकन गर्न विस्तृत अध्ययन भइरहेको छ । साथै, विद्यमान कर्जाको वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था सम्बन्धमा अध्ययन भइरहेको छ ।

३०. प्रणालीगत रूपमा महत्वपूर्ण रहेका बैंक (Domestic Systemically Important Bank, DSIB) पहिचान गरी त्यस्ता बैंकहरूमा नियमन र सुपरिवेक्षणका थप व्यवस्था लागु गर्न Framework for Dealing with Domestic Systemically Important Banks (D-SIBs), 2025 जारी गरी कार्यान्वयनमा ल्याइएको छ । त्यसैगरी, प्रणालीगत रूपमा महत्वपूर्ण भुक्तानी प्रणालीको पहिचान गरी प्रभावकारी अनुगमनका लागि Framework for Identifying Systemically Important Payment Systems (SIPS) जारी गरिएको छ ।

३१. बैंक तथा वित्तीय संस्थाले संस्थागत मुद्दती निक्षेपको ब्याजदर व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदरभन्दा कम्तीमा १ प्रतिशत विन्दुले कम गर्नुपर्ने विद्यमान व्यवस्था खारेज गरिएको छ । साथै, लघुवित्त वित्तीय

संस्थाबाट धितोमा प्रवाह गरिने कर्जाको अधिकतम सीमा वृद्धि गरी रु.७ लाखबाट रु.१५ लाख कायम गरिएको छ ।

३२. व्यावसायिक वातावरणमा सुधार तथा लगानी अभिवृद्धिमा सहजीकरण हुने गरी "नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८" लाई संशोधन गरिएको छ। उक्त विनियमावलीको विदेशी लगानी भित्र्याउने र लेखाङ्कन गर्ने व्यवस्था, विदेशी लगानी तथा आर्जित रकम फिर्ता लैजाने सटही स्वीकृतिसम्बन्धी व्यवस्था एवम् विदेशमा लगानीको नियमनसम्बन्धी व्यवस्थामा परिमार्जन गरिएको छ ।

३३. फाइनान्सियल एक्सन टास्कफोर्स (FATF) को सघन निगरानी सूची (Grey List) बाट मुक्त हुन नेपाललाई प्राप्त कार्ययोजना बमोजिमका कार्य सम्पन्न गर्न सम्बद्ध निकायहरूसँग समन्वय गरिएको छ । यस बैंकसँग सम्बन्धित राष्ट्रिय रणनीति तथा कार्ययोजनाको पूर्ण कार्यान्वयनका लागि निगरानी, विश्लेषण, अनुसन्धान र कारबाहीलाई थप सबल बनाइएको छ ।

३४. आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति र त्रैमासिक समीक्षाहरूमा गरिएको नीतिगत व्यवस्थाहरूको बुँदागत कार्यान्वयन स्थितिको विवरण अनुसूची १ मा राखिएको छ ।

* * *

# अनुसूची १:
# मौद्रिक नीतिको लक्ष्य तथा कार्यक्रम कार्यान्वयन स्थिति

## (क) आर्थिक वर्ष २०८२/८३ को वार्षिक मौद्रिक नीति

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| १. | ५९. | आर्थिक वर्ष २०८२/८३ मा ५.० प्रतिशतको हाराहारीमा मुद्रास्फीति र कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त विदेशी विनिमय सञ्चिति कायम गर्न मौद्रिक तरलता र विदेशी विनिमय व्यवस्थापन गरिने । | आर्थिक वर्ष २०८२/८३ को पहिलो दस महिनाको औसत उपभोक्ता मुद्रास्फीति २.६६ प्रतिशत रहेको । वार्षिक विन्दुगत आधारमा २०८३ बैशाखमा मुद्रास्फीति ५.०४ प्रतिशत रहेको ।<br>आर्थिक वर्ष २०८२/८३ को पहिलो दस महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २२.६ महिनाको वस्तु आयात र १९.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको । |
| २. | ६०. | आर्थिक वर्ष २०८२/८३ को लागि विस्तृत मुद्रा प्रदायको वृद्धिदर १३.० प्रतिशत र निजी क्षेत्रतर्फ जाने कर्जा वृद्धिदर १२.० प्रतिशतसम्म रहने प्रक्षेपण गरिएको । | वार्षिक विन्दुगत आधारमा २०८३ वैशाख मसान्तमा विस्तृत मुद्राप्रदाय १५.२ प्रतिशतले र बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ जाने कर्जा ६.७ प्रतिशतले वृद्धि भएको । |
| ३. | ६२. | बैंक तथा वित्तीय संस्थाको भारित औसत अन्तरबैंक दरलाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रूपमा यथावत् राख्दै स्वचालित र नियममा आधारित खुला बजार कारोबार सञ्चालनलाई निरन्तरता दिइएको । | भारित औसत अन्तरबैंक दरलाई मौद्रिक नीतिको सञ्चालन लक्ष्य मानी खुला बजार कारोबार तथा ब्याजदर करिडोरका उपकरणहरू आवश्यकता अनुसार कार्यान्वयनमा ल्याइएको । खुला बजार कारोबारलाई स्वचालित र नियममा आधारित बनाउन विनियमावली र कार्यविधिअनुसार खुला बजार कारोबार गरिँदै आएको । |
| ४. | ६३. | बैंक तथा वित्तीय संस्थाको भारित औसत अन्तरबैंक दरलाई नीतिगत दरको हाराहारीमा कायम हुने गरी खुला बजार कारोबार सञ्चालन गरिने । | तरलता व्यवस्थापन गर्न खुला बजार कारोबारका नियमित र संरचनात्मक उपकरणहरूको प्रयोग गरिएको । संरचनागत प्रकृतिको तरलताका कारण ब्याजदरमा पर्ने प्रभाव कम गर्न "नेपाल राष्ट्र बैंक ऋणपत्र २०८३" का विभिन्न सिरीजहरू जारी गरिएको । |
| ५. | ६४. | ब्याजदर करिडोरको माथिल्लो सीमाको रूपमा रहेको बैंकदरलाई ६.५ प्रतिशतबाट घटाई ६.० प्रतिशत र ब्याजदर करिडरको तल्लो सीमाको रूपमा रहेको निक्षेप सङ्कलन दरलाई ३.० प्रतिशतबाट घटाई २.७५ प्रतिशत निर्धारण गरिएको । नीतिगत दरलाई ५.० प्रतिशतबाट घटाई ४.५ प्रतिशत कायम गरिएको । | मिति २०८२/०३/३२ मा निर्देशन जारी गरिएको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| ६. | ६७. | बैंकिङ प्रणालीमा रहने संरचनागत प्रकृतिको तरलता व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार नेपाल राष्ट्र बैंक ऋणपत्र निष्काशन गरिने । | नेपाल राष्ट्र बैंक ऋणपत्र-२०८३ निष्कासन गरिएको । साथै, बैंकिङ प्रणालीमा संरचनागत प्रकृतिको तरलता कायमै रहने देखिएकाले नेपाल राष्ट्र बैंक ऋणपत्र-२०८४ समेत जारी गरिएको । |
| ७. | ६८. | बैंक तथा वित्तीय संस्थाहरूबीच गरिने अन्तरबैंक कारोबारलाई थप व्यवस्थित र पारदर्शी बनाई यथार्थ समयको कारोबार यस बैंकले प्रत्यक्ष अनुगमन गर्न सकिने गरी प्रणालीगत सुधार गरिने । | Interbank Transactions Reporting and Monitoring प्रविधि खरिदको प्रक्रियामा रहेको । |
| ८. | ७३. | दोस्रो वित्तीय क्षेत्र रणनीति नेपाल सरकारबाट स्वीकृत भएपश्चात् कार्यान्वयनमा ल्याइने । | दोस्रो वित्तीय क्षेत्र रणनीति कार्यान्वयन कार्ययोजना तयार गरी मिति २०८३/०३/०१ मा नेपाल सरकार, अर्थ मन्त्रालयमा पठाइएको । |
| ९. | ७४. | निजी आवासीय घर निर्माण/खरिद गर्न प्रवाह गर्ने कर्जाको सीमा रु.२ करोडबाट बढाई रु.३ करोड कायम गरिने । पहिलो घर निर्माण/खरिद गर्दा यस्तो कर्जा प्रवाहको लागि कर्जा मूल्य अनुपात बढीमा ८० प्रतिशतसम्म र अन्यको हकमा बढीमा ७० प्रतिशतसम्म कायम गर्न सक्ने व्यवस्था मिलाइने । | मिति २०८२/०३/३२ मा निर्देशन जारी भएको । |
| १०. | ७५. | चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई कृषि, साना तथा घरेलु उद्योग, शिक्षा, स्वास्थ्य, खेलकुद, सञ्चार र मिडिया हाउसलगायतको व्यवसायको प्रकृति र कर्जा भुक्तानी-आम्दानी चक्रको आधारमा आवश्यकतानुसार परिमार्जन गरिने । | मिति २०८२/१२/०३ मा चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ (चौथो संशोधन सहित) जारी गरिएको । |
| ११. | ७६. | विद्यमान कर्जाको वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था अध्ययन गरी आवश्यकतानुसार पुनरावलोकन गरिने । | अध्ययन भइरहेको । |
| १२. | ७७. | कृषि तथा लघु, घरेलु, साना र मझौला व्यवसायमा कर्जा सहजीकरण गरी न्यून र मध्यम आय भएका घर परिवारको जीवनस्तर सुधारमा सहयोग पुऱ्याउने उद्देश्यले देहाय बमोजिमको व्यवस्था गरिने ।<br>(क) बैंक तथा वित्तीय संस्थाहरूले कृषि फसल, कृषियोग्य जमिन र कृषि व्यवसाय संरचनाको धितो आफैंले मूल्याङ्कन गरी रु.१० लाखसम्म कृषि वा व्यावसायिक कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरिने ।<br>(ख) यसरी प्रवाह हुने रु.१० लाखसम्मको कर्जाको ग्रेस अवधिमा न्यूनतम कर्जा नोक्सानी व्यवस्था गरिने । | मिति २०८२/०५/०८ मा परिपत्र जारी भई नियमित अनुगमन भइरहेको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| | | (ग) बैंक तथा वित्तीय संस्थाहरूले खाद्यान्न, बाली, पशुपन्छी, माछापालनलगायत कृषि व्यवसायसँग सम्बन्धित कार्यका लागि व्यक्ति वा व्यावसायिक फर्मलाई फसल तथा उत्पादनको प्रकृतिसँग तालमेल हुने गरी विभिन्न अवधि र प्रकृतिका कर्जा प्रवाह गर्नसक्ने व्यवस्थालाई थप सरलीकरण गर्दै कार्यान्वयनको प्रभावकारी अनुगमन गरिने । | |
| १३. | ७८. | नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले सिफारिस गरेका जातका कृषि उपजहरूको उत्पादन अभिवृद्धि गर्ने उद्देश्यका लागि बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह हुने कर्जामा सहजीकरण गरिने । | मिति २०८२/०५/०८ मा परिपत्र जारी गरिएको । |
| १४. | ७९. | हुलाकी राजमार्ग तथा मध्य-पहाडी लोकमार्ग आसपासका क्षेत्रमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट खाद्य स्वच्छता स्तरीकरण लोगो (सङ्केत) लिएका होटल तथा रेष्टुरेन्ट र राजमार्ग/लोकमार्गको मुख्य बजार आसपासका उद्योग व्यवसायहरूलाई प्रवर्द्धन गर्न उक्त क्षेत्रका उद्योग व्यवसायीहरूलाई प्रवाह हुने कर्जामा देहायबमोजिमका व्यवस्थाहरू गरिने ।<br>(क) रु. ३ करोडसम्म प्रवाह भएको कर्जालाई साना तथा मझौला उद्यममा प्रवाह भएको कर्जामा समावेश गरी तोकिएको क्षेत्रमा प्रवाह हुने कर्जामा गणना गर्ने व्यवस्था मिलाइने ।<br>(ख) यस्तो कर्जामा आधार दरमा बढीमा २ प्रतिशत विन्दुसम्म मात्र प्रिमियम थप गरी कर्जा प्रवाह हुने व्यवस्था मिलाइने । | मिति २०८२/०५/०८ मा निर्देशन जारी गरिएको । |
| १५. | ८०. | जाजरकोट, रुकुमलगायतका भूकम्पप्रभावित क्षेत्रमा परियोजना रहेका व्यावसायिक कर्जा तथा उक्त क्षेत्रमा बसोवास गरिरहेका व्यक्तिहरूले लिएको कर्जा पुनरतालिकीकरण/पुनरसंरचना गर्न चाहेमा बैंक तथा वित्तीय संस्थाले ऋणीको आवश्यकता र औचित्यको आधारमा ऋणीको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी बुझाउनुपर्ने ब्याज रकमको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरी पुनरतालिकीकरण/पुनरसंरचना गर्न सक्ने व्यवस्था मिलाइने । | मिति २०८२/०३/३२ मा निर्देशन जारी गरिएको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| १६. | ८१. | ऊर्जा उत्पादनका क्षेत्रमा प्रवाह गरेको कर्जाको ब्याज पुँजीकरण गर्नेसम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिने । | मिति २०८२/०५/०८ मा परिपत्र जारी गरिएको । |
| १७. | ८२. | बैंक तथा वित्तीय संस्थाहरूबाट सेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको विद्यमान एकल ग्राहक कर्जा सीमा रु.१५ करोडबाट बढाई रु.२५ करोड बनाइने । | मिति २०८२/०३/३२ मा निर्देशन जारी गरिएको । |
| १८. | ८३. | चेक अनादरको कारण कालो सूचीमा पर्ने विद्यमान व्यवस्थामा नीतिगत सहजीकरण गरिने । | अध्ययन भइरहेको । |
| १९. | ८४. | बैंकिङ क्षेत्रलाई थप प्रतिस्पर्धी, अनुशासित र जिम्मेवार बनाउन कर्जा, ब्याजदर र समष्टिगत नियमनमा सुधार गर्दै जोखिममा आधारित सुपरिवेक्षण प्रणालीलाई प्रभावकारी बनाइने । | जोखिममा आधारित सुपरिवेक्षण प्रणाली थप प्रभावकारी बनाउन निरन्तर कार्य भइरहेको । |
| २०. | ८५. | वाणिज्य बैंकहरूको सम्पत्तिको गुणस्तरमा सुधार गर्न सम्पत्ति गुणस्तरको मूल्याङ्कन (Asset Quality Review) गरिने । | निरीक्षण प्रतिवेदन स्वीकृत भई कार्यान्वयनको लागि सम्बन्धित वाणिज्य बैंकहरूमा पठाइएको । |
| २१. | ८६. | बैंक तथा वित्तीय संस्थाहरूको तरलता जोखिम न्यूनीकरण गरी स्थायित्व कायम गर्न अन्तर्राष्ट्रिय असल अभ्यासअनुसार Liquidity Coverage Ratio (LCR) र Net Stable Funding Ratio (NSFR) जस्ता व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन भएपश्चात् कर्जा निक्षेप अनुपातसम्बन्धी नियामकीय व्यवस्थामा पुनरावलोकन गर्ने । | अध्ययन भइरहेको । |
| २२. | ८७. | प्रणालीगत रूपमा महत्वपूर्ण रहेका बैंक (Domestic Systemically Important Bank, DSIB) पहिचान गरी त्यस्ता बैंकहरूमा नियमन र सुपरिवेक्षणका थप व्यवस्था लागु गर्न Domestic Systemically Important Bank Framework जारी गरी कार्यान्वयन गरिने । | मिति २०८२/०८/०८ मा Framework for Dealing with Domestic Systemically Important Banks (D-SIBs), 2025 जारी गरिएको । |
| २३. | ८८. | वाणिज्य बैंकहरूको तरलता जोखिम व्यवस्थापनलाई सुदृढ बनाउन आन्तरिक तरलता पर्याप्तता मूल्याङ्कन प्रक्रिया (Internal Liquidity Adequacy Assessment Process (ILAAP) सम्बन्धी मार्गदर्शन जारी गरिने । | Internal Liquidity Adequacy Assessment Process (ILAAP) सम्बन्धी मार्गदर्शनको मस्यौदा तयार भएको । |
| २४. | ८९. | नेपाल सरकारबाट स्वीकृतिप्राप्त निकायमा दर्ता भई सञ्चालनमा रहेका जग्गा विकास तथा भवन निर्माणसँग सम्बन्धित फर्म/कम्पनीलाई प्रवाहित | मिति २०८२/०५/०८ मा परिपत्र जारी गरिएको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| | | कर्जाका लागि पुनरसंरचना र पुनरतालिकीकरण गर्नका लागि आवश्यक सहजीकरण गरिने । | |
| २५. | ९०. | हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवम् प्रकृयागत व्यवस्थामा Fit and Proper Test, कर्जाको ब्याजदर गणना, सेवा शुल्कलगायतका विषयहरूलाई समेटी उक्त नियामकीय व्यवस्थामा आवश्यक संशोधन गरिने । | अध्ययन भइरहेको । |
| २६. | ९१. | नेपाल सरकारले तोकेको पूर्वाधार क्षेत्रमा लगानी गर्ने उद्देश्यले स्थापना भएका निकायले वित्तीय स्रोत जुटाउन जारी गरेका डिबेञ्चरमा बैंक तथा वित्तीय संस्थाले लगानी गर्न सकिने व्यवस्था मिलाइने । | मिति २०८२/०५/०८ मा परिपत्र जारी गरिएको । |
| २७. | ९२. | यस बैंकबाट इजाजतपत्र प्राप्त “ख” वर्गका विकास बैंक र “ग” वर्गका वित्त कम्पनीहरूमा विगत लामो समयदेखि बासेल २ र ३ अनुसारका न्यूनतम पुँजी पर्याप्तता अनुपातलगायत विभिन्न नियामकीय मापदण्डहरू कार्यान्वयनमा रहेको सन्दर्भमा “ग” वर्गका राष्ट्रियस्तरका वित्त कम्पनीहरूले प्राथमिक पुँजीको १५ गुणासम्म निक्षेप परिचालन गर्न सक्ने सीमा हटाइने । | मिति २०८२/०३/३२ मा निर्देशन जारी गरिएको । |
| २८. | ९३. | बैंक तथा वित्तीय संस्थाले गैर बैंकिङ सम्पत्ति सकार गरेको दुई वर्षसम्म उक्त सम्पत्तिबापत सिर्जना भएको रेगुलेटरी रिजर्भको रकमलाई पूरक पुँजीमा गणना गर्न सकिने व्यवस्था गरिने । | मिति २०८२/०३/३२ मा निर्देशन जारी भई मिति २०८२/०४/०१ बाट कार्यान्वयनमा आएको । |
| २९. | ९४. | बैंक तथा वित्तीय संस्थाहरूको पुँजी वृद्धिमा सहजीकरण गर्ने उद्देश्यले यस बैंकको स्वीकृतिमा आवश्यकतानुसार पुँजी बढाउन सक्ने व्यवस्था गरिने । | बैंक तथा वित्तीय संस्थाहरूको पुँजी वृद्धि गर्न आवश्यक सहजीकरण गरिएको । |
| ३०. | ९५. | नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उल्लिखित सहुलियतपूर्ण कर्जाको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गरिने । | मिति २०८२/०५/१२ मा सूचना जारी गरिएको । |
| ३१. | ९६. | नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उल्लिखित औपचारिक वित्तीय प्रणालीबाट विप्रेषण आय भित्र्याउन र उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने र सार्वजनिक निकायबाट हुने सबै भुक्तानीलाई विद्युतीय प्रणालीमा आबद्ध गर्ने विषयमा आवश्यक सहजीकरण गरिने । | औपचारिक वित्तीय प्रणालीबाट विप्रेषण आय भित्र्याउने कार्यलाई थप सहजीकरण गर्न विद्यमान व्यवस्थामा परिपत्र २ मा मिति २०८२/०६/२२ मा र परिपत्र ५ मा मिति २०८२/०६/२४ मा पुनरावलोकन गरिएको ।<br>सार्वजनिक निकायबाट हुने भुक्तानीलाई विद्युतीय प्रणालीमा आवद्ध गर्न अध्ययन भइरहेको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| ३२. | ९७. | सम्पत्ति व्यवस्थापन कम्पनी स्थापनाको लागि आवश्यक ऐन र नियमको मस्यौदा तर्जुमा गरी नेपाल सरकारसमक्ष पेश गरिने । | मस्यौदा तर्जुमा भइरहेको । |
| ३३. | ९८. | शीघ्र सुधारात्मक कारबाहीसम्बन्धी विनियमावली परिमार्जन गरिने । | विनियमावली परिमार्जनको मस्यौदा तयार भएको । |
| ३४. | ९९. | बैंक तथा वित्तीय संस्थाहरूको आधार दर गणना विधिमा सुधार गरी बढी यथार्थपरक बनाइने । | पुनरावलोकन गर्ने सम्बन्धमा भएको अध्ययनको प्रतिवेदन मस्यौदा तयार भएको । |
| ३५. | १००. | नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उल्लेख भएअनुसार वित्तीय पहुँच विस्तार गर्न 'नियो बैंक' स्थापनका लागि कानुनी र प्रक्रियागत व्यवस्था अघि बढाइने । | बैंक तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०७३ संशोधन विधेयकमा प्रस्ताव गरिएको र नियो बैंकको स्थापना र सञ्चालनसम्बन्धी कानुनी, नीतिगत व्यवस्थाका बारेमा आवश्यक अध्ययन भइरहेको ।<br>डिजिटल बैंकसम्बन्धी व्यवस्था बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा समावेश गर्ने गरी नेपाल सरकार, अर्थ मन्त्रालयसमक्ष राय पेस भएको । |
| ३६. | १०१. | विद्युतीय भुक्तानी प्रणाली सुदृढ हुँदै गएको सन्दर्भमा बैंक तथा वित्तीय संस्थाहरूको विद्यमान शाखा विस्तार नीति पुनरावलोकन गरिने । | मिति २०८२/०८/२९ मा परिपत्र जारी गरिएको । |
| ३७. | १०२. | बैंक तथा वित्तीय संस्थाहरूको वर्गीकरण र कार्यदायरा पुनरावलोकन गर्न विस्तृत अध्ययन गरिने । | अध्ययन भइरहेको । |
| ३८. | १०३. | बैंक तथा वित्तीय संस्थाहरूले ग्राहकको क्रेडिट स्कोरको आधारमा समेत कर्जा प्रदान गर्ने नीति अवलम्बन गर्दै लगिने । | "विद्युतीय माध्यमबाट प्रवाह हुने कर्जा (Digital Lending) सम्बन्धी मार्गदर्शन, २०७८" मा आवश्यक संशोधन गरी मिति २०८३/०२/२५ मा जारी गरिएको । |
| ३९. | १०४. | लघुवित्त वित्तीय संस्थाले हालको व्यवस्थाअनुसार वार्षिक १५ प्रतिशतभन्दा बढी लाभांश (नगद वा वोनस) वितरण गर्नेसम्बन्धी विद्यमान व्यवस्थामा पुनरावलोकन गरिने । | मिति २०८२/०५/०८ मा परिपत्र जारी गरिएको । |
| ४०. | १०५. | वैदेशिक रोजगारीमा जाने युवाहरूलाई धितो लिई वा नलिई प्रवाह भएको रु.३ लाखसम्मको कर्जालाई विपन्न वर्गको कर्जामा गणना गर्न सकिने व्यवस्था गरिने । महिलाको हकमा यस्तो कर्जा बढीमा रु.५ लाख गरिने । | मिति २०८२/०३/३२ मा निर्देशन जारी भएको । |
| ४१. | १०६. | लघुवित्त वित्तीय संस्थाको कर्जा लक्षित वर्गसम्म पुग्ने सुनिश्चित गरी कर्जा सदुपयोग अभिवृद्धि गर्न लघुवित्तको लागि लक्षित वर्ग, ऋण प्राप्त गर्ने | अध्ययन भइरहेको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| | | मापदण्ड र ऋणीको योग्यतासम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिने । | |
| ४२. | १०७. | बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह हुने विपन्न वर्ग र अन्य निर्देशित कर्जाहरूको सीमा व्यवस्थाको अध्ययन गरी पुनरावलोकन गरिने । | मिति २०८२/१२/०३ मा निर्देशन जारी गरिएको । |
| ४३. | १०८. | विदेशी लगानी आकर्षण गर्न वाणिज्य बैंकमार्फत विदेशी विनिमय जोखिम व्यवस्थापन गर्ने व्यवस्था मिलाइने । | मिति २०८२/०४/२२ मा निर्देशन जारी भएको । |
| ४४. | १०९. | आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिमा सहजीकरण हुने गरी "नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८" लाई संशोधन गरिने । | मिति २०८२/०९/१४ को परिपत्र तथा सूचनामार्फत "नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ (पाँचौ संशोधन सहित)" जारी गरिएको । |
| ४५. | ११०. | नेपालमा लगानी गर्ने विदेशी लगानीकर्ता, विदेशी लगानी भएका उद्योग/कम्पनी र नेपालमा संस्थापित विदेशी कम्पनीको शाखा/सम्पर्क कार्यालय/स्थायी संस्थापनाले साँवा, ब्याज तथा लाभांशलगायत फिर्ता भुक्तानी (Repatriation) लैजाने व्यवस्थामा सहजीकरण गरिने । | मिति २०८२/०९/१४ को परिपत्र तथा सूचनामार्फत "नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ (पाँचौ संशोधनसहित)" तथा मिति २०८२/१२/२२ मा परिपत्र जारी गरिएको । |
| ४६. | १११. | भन्सार स्वःघोषणा गर्नु पर्ने नगद विदेशी मुद्राको सीमामा पुनरावलोकन गरिने । साथै, नेपाली नागरिक वा संस्थाको नाममा विदेशमा रहेको विदेशी विनिमयको विवरण पेस गर्नु पर्ने व्यवस्थामा सहजीकरण गरिने । | भन्सार स्वःघोषणा सम्बन्धमा मिति २०८२/०५/१० मा सूचना जारी गरिएको ।<br>नेपाली नागरिक वा संस्थाको नाममा विदेशमा रहेको विदेशी विनिमयको विवरण पेस गर्नुपर्ने व्यवस्थामा मिति २०८२/०४/२२ को परिपत्रमार्फत सहजीकरण गरिएको । |
| ४७. | ११२. | सुन आयात तथा बिक्री वितरणसम्बन्धी अध्ययन प्रतिवेदनको सिफारिससमेतको आधारमा नेपाल सरकारको समन्वयमा सुन आयात तथा बिक्री वितरणसम्बन्धी विद्यमान व्यवस्था पुनरावलोकन गरिने । | अध्ययन भइरहेको । |
| ४८. | ११३. | बैंक तथा वित्तीय संस्थाहरूले गर्ने नन्डेलिभरेबल फरवार्डमा कायम प्राथमिक पुँजीको २० प्रतिशतको सीमालाई वृद्धि गरी २५ प्रतिशत गरिने । | मिति २०८२/०४/०१ मा निर्देशन जारी भएको । |
| ४९. | ११४. | भारतबाहेक अन्य मुलुकहरूको भ्रमणमा जाने नेपाली नागरिकहरूलाई हाल प्रतिपटक अमेरिकी डलर २,५०० सम्म सटही सुविधा उपलब्ध गराउने व्यवस्था रहेकोमा यस्तो सटही सुविधा वृद्धि गरी अमेरिकी डलर ३,००० कायम गरिने । | मिति २०८२/०४/०१ मा निर्देशन जारी भएको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| ५०. | ११५. | विप्रेषण कम्पनीहरूको अर्थतन्त्रमा योगदान बढ्दै गएको सन्दर्भमा त्यस्ता कम्पनीहरूलाई पुँजी तथा कारोबारका आधारमा वर्गीकरण गर्ने व्यवस्थाको सम्बन्धमा अध्ययन गरिने । | अध्ययन भइरहेको । |
| ५१. | ११६. | बङ्गलादेश र श्रीलङ्कालगायत विदेशी मुद्राको कारोबार बढ्दै गएको मुलुकहरूका मुद्रालाई परिवर्त्य विदेशी मुद्राको सूचीमा थप गर्दै लगिने । | अध्ययन भइरहेको । |
| ५२. | ११७. | विप्रेषण कारोबारमा प्रयोग हुने विनिमय दर (फेडान दर) लाई आवश्यकतानुसार पुनरावलोकन गरिने । | मिति २०८२/०४/२२ मा निर्देशन जारी गरिएको । |
| ५३. | ११८. | परिवर्त्य विदेशी मुद्रामा हुने अन्तरबैंक कारोबार सम्बन्धमा नीतिगत व्यवस्था गरिने । | मिति २०८२/०४/२२ मा निर्देशन जारी गरिएको । |
| ५४. | ११९. | सबल र सुरक्षित भुक्तानी प्रणालीको विकास गरी विद्युतीय माध्यमबाट हुने कारोबार र वित्तीय पहुँच अभिवृद्धि गरिने । | अध्ययन भइरहेको । |
| ५५. | १२०. | वर्तमान परिवेशमा भुक्तानी प्रणालीलाई सबल बनाउन National Payments System Development Strategy को समीक्षा गरी नयाँ रणनीति तर्जुमा गरिने । | Fintech Strategy 2026/27 - 2030/31 को मस्यौदा तयार भएको । |
| ५६. | १२१. | लघु, साना तथा मझौला व्यवसायीलाई विद्युतीय माध्यमबाट कारोबारमा आधारित भई प्रवाह गरिने कर्जामा सहजीकरण गर्न Digital Lending Guidelines मा परिमार्जन गरिने । | आवश्यक परिमार्जन सहित Digital Lending Guidelines मिति २०८३/०२/२५ मा जारी गरीएको । |
| ५७. | १२२. | भुक्तानी प्रणालीलाई थप सबल, सक्षम र सुरक्षित बनाउन यस क्षेत्रमा हुने नवीन अभ्यास तथा नवप्रवर्तन प्रवर्द्धन गर्न Regulatory Sandbox सञ्चालनमा ल्याइने । | Guidelines on the Regulatory Sandbox मिति २०८३/०३/०४ मा प्रकाशन गरिएको । |
| ५८. | १२३. | भुक्तानीसम्बन्धी कारोबार गर्ने संस्थाहरूको निरीक्षण तथा सुपरिवेक्षण कार्य जोखिममा आधारित बनाइने । | जोखिममा आधारित निरीक्षण तथा सुपरिवेक्षण कार्यविधिको मस्यौदा तयार भएको र सुझाव लिने कार्य भइरहेको । |
| ५९. | १२४. | प्रणालीगत रूपमा महत्वपूर्ण भुक्तानी प्रणालीको पहिचान गरी प्रभावकारी अनुगमनका लागि Framework for Identifying Systemically Important Payment Systems (SIPS) जारी गरिने । | Framework for Identifying Systemically Important Payment Systems (SIPS) मिति २०८२/०५/१६ मा जारी गरिएको । |
| ६०. | १२५. | फाइनान्सियल एक्सन टास्कफोर्स (FATF) को सघन निगरानी सूची (Grey List) बाट मुक्त हुन नेपाललाई प्राप्त कार्ययोजना बमोजिमका कार्य सम्पन्न गर्न | नेपाललाई प्राप्त कार्ययोजना बमोजिमका कार्य सम्पन्न गर्न/गराउन नियामक समन्वय संयन्त्रको उप-समितिको गठन गरी बैठकका निर्णयहरू |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| | | सम्बद्ध निकायहरूबीच प्रभावकारी समन्वय गरिने । यस बैंकसँग सम्बन्धित राष्ट्रिय रणनीति तथा कार्ययोजनाको पूर्ण कार्यान्वयनका लागि निगरानी, अनुसन्धान र कारबाहीलाई थप सबल बनाइने । | कार्यान्वयन गराउने, विभिन्न समितिहरूमा प्रतिनिधित्व गरी सम्बद्ध निकायहरूसँग प्रभावकारी समन्वय गर्ने तथा सम्बद्ध निकायहरूको सहभागितामा निरन्तर अन्तरक्रिया, गोष्ठी, तालिम लगायतका कार्यक्रमहरू तथा द्विपक्षीय/बहुपक्षीय बैठकहरू आयोजना गर्ने गरिएको ।<br>निगरानी, विश्लेषण, सुपरिवेक्षण र कारबाही कार्ययोजना अनुरूप कार्य भईरहेको ।<br>राष्ट्रिय रणनीति तथा कार्ययोजनामा रहेका कार्ययोजनाहरू समयसीमा भित्रै सम्पन्न भईरहेको । |
| ६१. | १२६. | एसिया प्यासिफिक समूह (APG) ले प्रकाशन गरेको नेपालको तेस्रो चरणको पारस्परिक मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित नियमनकारी निकायहरूसँग सम्बन्धित प्राथमिकताका कार्यहरू (Priority Actions) र सुधारका सुझावहरू (Recommended Actions) प्राथमिकताका साथ कार्यान्वयन गरिने । | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र/अनुमति प्राप्त सूचक संस्थाहरूलाई goAML सफ्टवेयरमा आबद्ध गरेको ।<br>बैंक अन्तर्गतका सूचक संस्थाहरूलाई सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा जारी हुने निर्देशनहरू समयानुकूल अद्यावधिक गर्न बैंकको वित्तीय जानकारी इकाईले निरन्तर सुझाव दिने गरेको ।<br>साथै, इकाईले विश्लेषण गरी नियामकीय कारबाही आवश्यक देखिएको अवस्थामा नेपाल राष्ट्र बैंक लगायत अन्य नियामक निकायलाई थप कारबाहीका लागि विश्लेषणको निष्कर्ष निरन्तर प्रवाह गर्ने गरेको ।<br>प्राथमिकताका कार्यहरू (Priority Actions) र सुधारका सुझावहरू (Recommended Actions) लाई प्राथमिकतामा राखी कार्ययोजना अनुरूप सुपरिवेक्षणका कार्यहरू सम्पन्न गर्ने गरिएको । |
| ६२. | १२७. | वित्तीय जानकारी इकाईबाट सम्बन्धित निकायमा सम्प्रेषण गर्ने फाइनान्सियल इन्टेलिजेन्स (Financial Intelligence) लाई स्वचालित बनाई अनुसन्धान कार्यको प्रभावकारिता अभिवृद्धिमा सहजीकरण गरिने । | goAML सफ्टवेयरलाई स्वचालित बनाइएको । |
| ६३. | १२८. | बैंक तथा वित्तीय संस्था एवम् अन्य वित्तीय सेवा प्रदायकको ग्राहक पहिचान (KYC) विवरण राष्ट्रिय परिचयपत्रमार्फत प्राप्त गर्न सहजीकरण गरिने । ग्राहकले कुनै एक बैंकमा विवरण अद्यावधिक गरेपश्चात् आवश्यक पर्ने निकायले विद्युतीय माध्यमबाट प्राप्त गर्नसक्ने पूर्वाधारको विकासका लागि समेत सहजीकरण गरिने । | बैंक तथा वित्तीय संस्था एवम् अन्य वित्तीय सेवा प्रदायकको ग्राहक पहिचान (KYC) विवरण प्रमाणीकरण गर्न सकिने प्रणाली कार्यान्वयनमा आइसकेको । उक्त कार्य कर्जा सूचना केन्द्रमार्फत भइरहेको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| ६४. | १२९. | ग्रामीण क्षेत्रमा ऋणीहरूसँग निरन्तर सम्वादमा रहने उद्देश्यले "ऋणीसँग नेपाल राष्ट्र बैंक" कार्यक्रम सञ्चालन गरिने । | "ऋणीसँग नेपाल राष्ट्र बैंक" कार्यविधि मिति २०८२/०८/२५ मा लागू भएको । ऋणीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम कार्यान्वयन भइरहेको । |
| ६५. | १३०. | बैंक तथा वित्तीय संस्थाले विद्यमान कानुनी प्रकृयाअन्तर्गत रही आफ्नो कर्जा नियमित गर्दा तथा असुलीलगायतका कार्य गर्दा देखिएका अवाञ्छित गतिविधिबाट सिर्जित जोखिम निरूपणका लागि नेपाल सरकारका सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिने । | समन्वय भइरहेको । |
| ६६. | १३१. | बैंक तथा वित्तीय संस्थामा निष्कृय खाताहरूको सङ्ख्या उल्लेख्य बढी रहेको सन्दर्भमा उच्च सङ्ख्या मा खाता निष्कृय रहने र अन्य व्यक्तिले समेत खाता सञ्चालन गर्ने (Money Mule) प्रवृत्तिले सिर्जना गरेको जोखिमसमेतलाई दृष्टिगत गरी निष्कृय खातालाई न्यून गर्न कार्ययोजना बनाई लागु गरिने । | निर्देशन जारी हुने क्रममा रहेको । |
| ६७. | १३२. | वित्तीय ग्राहक संरक्षण गर्न "वित्तीय ग्राहक संरक्षण मार्गदर्शन" एवम् "वित्तीय बजार आचरण" सम्बन्धी निर्देशन जारी गरिने । | वित्तीय ग्राहक संरक्षण मार्गदर्शन मस्यौदा तयार भएको । |

## (ख) आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| १. | ४१ | ब्याजदर करिडोरको स्थायी तरलता सुविधा दरलाई ५.७५ प्रतिशत र नीतिगत दरलाई ४.२५ प्रतिशत कायम गरिएको । | मिति २०८२/०८/१६ मा परिपत्र जारी गरिएको । |
| २. | ४३ | बैंक तथा वित्तीय संस्थाले संस्थागत मुद्दती निक्षेपको ब्याजदर व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदरभन्दा कम्तीमा १ प्रतिशत विन्दुले कम गर्नुपर्ने विद्यमान व्यवस्था खारेज गरिने । | मिति २०८२/०८/१६ मा परिपत्र जारी गरिएको । |
| ३. | ४४ | बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने व्यक्तिगत अधिविकर्ष (Personal Overdraft) कर्जाको विद्यमान सीमा रु.५० लाखबाट वृद्धि गरी रु.१ करोड कायम गरिने । | मिति २०८२/०८/१६ मा परिपत्र जारी गरिएको । |
| ४. | ४५ | लघुवित्त वित्तीय संस्थाबाट धितोमा प्रवाह गरिनेकर्जाको अधिकतम सीमा रु.७ लाखबाट वृद्धि गरी रु.१५ लाख कायम गरिने । | मिति २०८२/०८/१६ मा परिपत्र जारी गरिएको । |
| ५. | ४६ | लघुवित्त वित्तीय संस्थाबाट ऋण प्राप्त गरेका ऋणीहरूको कर्जा भुक्तानीमा पर्न गएको समस्यालाई | मिति २०८२/०८/१६ मा परिपत्र जारी गरिएको । |

| | | | |
|---|---|---|---|
| | | ध्यानमा राखी कर्जा भुक्तानीको तालिका परिमार्जन गर्न सकिने व्यवस्था मिलाइने । | |
| ६. | ४७ | हालैको बाढी/पहिरोबाट प्रभावित इलामलगायत प्राकृतिक विपत्तिका कारण असर पुगेका अन्य जिल्लाका उद्यम/व्यवसायका लागि प्रवाहित कर्जा बैंक तथा वित्तीय संस्थाले न्यूनतम १० प्रतिशत ब्याज असुल गरी एकपटकको लागि पुनरसंरचना/पुनरतालिकीकरण गर्न सक्ने व्यवस्था मिलाइने । | मिति २०८२/०८/१६ मा परिपत्र जारी गरिएको । |
| ७. | ४८ | विद्युतीय भुक्तानी कारोबार बढिरहेको तथा महानगरपालिकामा बैंक तथा वित्तीय संस्थाको शाखा उल्लेख्य रहेको सन्दर्भमा बैंक तथा वित्तीय संस्था स्वयम्ले महानगरपालिकामा रहेका शाखा समायोजन/एकीकरण गर्नसक्ने व्यवस्था मिलाइने । | मिति २०८२/०८/२९ मा परिपत्र जारी गरिएको । |
| ८. | ४९ | अन्तर्राष्ट्रिय असल अभ्यास र आन्तरिक रूपमा विकसित प्रचलनलाई दृष्टिगत गर्दै बैंक तथा वित्तीय संस्थामा पारदर्शिता, जवाफदेहिता र सुशासन अभिवृद्धिका लागि Anti Bribery and Corruption Policy सम्बन्धी व्यवस्था गरिने । | ABC Policy को मस्यौदा तयार भएको । |

## (ग) आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षा

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| १. | ३७ | कृषि, ऊर्जा र लघु, घरेलु तथा साना उद्यम/व्यवसायमा कर्जा विस्तार प्रोत्साहन गर्ने उद्देश्यले कार्यान्वयनमा ल्याइएको क्षेत्रगत कर्जा सीमाको दायरामा पर्यटन, सूचना प्रविधि र स्वदेशी कच्चा पदार्थमा आधारित निर्यातमूलक उद्योगहरूसमेत समावेश गरिने । साथै, बैंक तथा वित्तीय संस्थालेत्यस्ता प्रत्येक क्षेत्रमा न्यूनतम कर्जा अनुपात कायम गर्नुपर्ने विद्यमान व्यवस्था परिमार्जन गरिने । | मिति २०८२/१२/०३ मा निर्देशन जारी गरिएको । |
| २. | ३८ | चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन परिमार्जन गरी बैंक तथा वित्तीय संस्थाले ऋणीको नगद प्रवाह तथा वित्तीय विवरण विश्लेषणको आधारमा Permanent Working Capital को अवधि निर्धारण गर्न सक्ने व्यवस्था मिलाइने । साथै, ऋणीले वर्षको कम्तीमा लगातार ७ दिन चालू पुँजी कर्जाको बक्यौता १० प्रतिशतभन्दा कम गर्नुपर्ने विद्यमान व्यवस्था | मिति २०८२/१२/०३ मा सूचना जारी गरिएको । |

| | | | |
|---|---|---|---|
| | | परिमार्जन गरी ३० प्रतिशतभन्दा कम गर्नु पर्ने व्यवस्था मिलाइने । | |
| ३. | ३९ | बैंक तथा वित्तीय संस्थाले महेन्द्र राजमार्ग र मध्यपहाडी लोकमार्ग विस्तारका कारण विस्थापित उद्यम/व्यवसायहरूमा प्रवाहित कर्जामा न्यूनतम १० प्रतिशत ब्याज असुल गरी २०८३ असार मसान्तसम्म पुनरसंरचना/पुनरतालिकीकरण गर्न सक्ने व्यवस्था मिलाइने । | मिति २०८२/११/२९ मा निर्देशन जारी गरिएको । |
| ४. | ४० | बैंक तथा वित्तीय संस्थाले गर्ने नन्डेलिभरेबल फरवार्डमा कायम प्राथमिक पुँजीको २५ प्रतिशतको सीमा वृद्धि गरी ३० प्रतिशत कायम गरिने । | मिति २०८२/१२/२२ मा परिपत्र जारी गरिएको । |
| ५. | ४१ | Data Center, Cloud Computing, Robotics Lab / Artificial Intelligence लगायतका पूर्वाधार निर्माणमा हुने विदेशी लगानी सहजीकरण गरिनेछ । साथै, त्यस्ता परियोजनामा बैंक तथा वित्तीय संस्थाबाट हुने सहवित्तीयकरण कर्जा प्रवाहमा प्रोत्साहन गरिने । | अध्ययन भइरहेको । |
| ६. | ४२ | विद्युतीय भुक्तानी कारोबारलाई थप प्रोत्साहित गर्न चेकमार्फत हुने कारोबार घटाउँदै लैजाने रणनीति अवलम्बन गरिने । | अध्ययन भइरहेको । |
| ७. | ४३ | परिस्थितिजन्य कारणले तत्काल ऋण चुक्ता गर्न नसक्ने ऋणीलाई कालोसूचीमा समावेश नगर्ने र कालोसूचीमा रहेका ऋणीले कर्जा चुक्ता गर्ने उचित कारण पेस गरेमा बैंक तथा वित्तीय संस्थाले ६ महिनासम्म ऋणीलाई कालोसूचीबाट हटाई बक्यौता असुल गर्न पाउने विद्यमान व्यवस्थाको प्रभावकारी कार्यान्वयन गराइने । | कार्यान्वयन भइसकेको । |
| ८. | ४४ | नेपाल सरकारबाट हालै स्वीकृत भएको दोस्रो वित्तीय क्षेत्र विकास रणनीति (२०८२/८३-८६/८७) मा उल्लिखित यस बैंकसँग सम्बन्धित कार्यहरू चरणवद्ध रूपमा कार्यान्वयन गरिने । | रणनीतिको कार्यान्वयन तालिकाबमोजिम क्रमिक रूपमा कार्यान्वयन गर्दै लगिने । |

## (घ) आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| १. | ३२. | ब्याजदर करिडोरलाई थप प्रभावकारी बनाउन बैंक तथा वित्तीय संस्थालाई स्थायी निक्षेप सुविधा उपलब्ध गराउने व्यवस्था पुनरावलोकन गरिने । | मिति २०८३/०२/१३ मा कार्यविधि संशोधन गरी बैंक खुलेको प्रत्येक दिन स्थायी निक्षेप सुविधा उपलब्ध गराउने व्यवस्था गरिएको । |

***

**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं